## तानसेन नगरकार्यपालिकाको कार्यालय, तानसेन पाल्पाको
## सटर भाडामा लगाउने सम्बन्धि सिलवन्दी
## वोलपत्र आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति: २०८०।११।०१**

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय ।ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद-२ दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर आगामी ५ बर्ष सम्मको लागि भाडामा लगाउन १५ दिनको म्याद राखी यो वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक वोलपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. वोलपत्र फाराम खरिद गर्न चाहाने चाहने संस्था/फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्र फारम खरिद गर्न सकिने छ ।
२. वोलपत्र फारम खरिद गर्ने मिति : सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र ।
३. सिलवन्दी वोलपत्र दाखिला गर्ने मिति : आ.व. २०८०/०८१ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको वोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२.०० बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।
४. वोलपत्र खोल्ने समय : सूचना प्रकाशित भएको मितिले १६ औ दिनको २ बजे वोलपत्रदाता र कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६. वोलपत्र स्वीकृत भएमा कार्यादेश लिनु अगावै कबोल सटरभाडा अंकको ४ महिना बराबरको रकम धरौटी वापत जम्मा गर्नु पर्नेछ ।
७. वोलपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुनेछ ।
८. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
९. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि आगामी ५ बर्षसम्म कायम रहनेछ ।
१०. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नु पर्ने कबोल मासिक भाडाको ४ महिना बराबरको धरौटी रकम जम्मा गरेको सक्कल भौचर पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका वोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
११. वोलपत्र दाखिला गर्दा कबोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी बापत रा.बा.बैक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्ने छ ।
१२. बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

वोलपत्रविवरण

| ठेक्का न. | कामको विवरण | न्युनतम ठेक अंक रु. | वोलपत्रदस्तूर | कैफियत |
|---|---|---|---|---|
| ER/ 05/080/081 | ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा | मासिक रु. ७०,०००। | रु. १०००।०० | वोलपत्र |

.............................
तानसेन नगरपालिकाकार्यालय

निमित्त प्रमुख प्रशासकीय अधिकृत